थाहाबाट नेपाल सरकारको पहिलो सचिव बने विष्ट। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१७, अंक-१५ ● २०८१ कार्तिक १२ गते सोमबार, ● 28 October, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## थाहानगरको एउटै वडामा ५ वटा झोलुङ्गे पुल बन्दै



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ मा मात्र ५ वटा झोलुङ्गे पुल निर्माण हुने भएको छ । झोलुङ्गे पुल निर्माणको लागि ७ र ८ कार्तिकमा यातायात पूर्वाधार निर्देशनालय बागमती प्रदेशबाट सर्भेक्षण भएको छ ।

निर्देशनालयका कार्यक्रम संयोजक प्रकाश हमालको नेतृत्वमा प्राविधिक राजीव थापालगायतको टोलीले साविक आग्रामा पर्ने ८ नम्बर वडाका विभिन्न पाँच स्थानमा झोलुङ्गे पुलको सर्भे गरि एको हो । प्राविधिकहरूको टोलीले बार मुरे मूलखोला छाप झोलुङ्गे पुल, खानीगाउँ काभ्रे झोलुङ्गे पुल, किट्टेडाँडा जन्तीबसे झोलुङ्गे पुल, आकाशे फाँट देउखेल झोलुङ्गे पुल र मोरिया सुलिकोट देउखेल झोलुङ्गे पुलको सर्भे गरेको थाहा नगरपालिका ८ नम्बर वडाध्यक्ष हेम कुमार थिङले जानकारी दिए ।

पुलको सर्भेक्षणका लागि खटिएका यातायात पूर्वाधार निर्देशनालय बागमती प्रदेश हेटौडाको टोलीलाई अध्यक्ष थिङले सहजीकरण गरेका थिए । भौगोलिक विकटताका कारण आवतजावत गर्न समस्या झेल्दै आएका वडाबासीहरूलाई पुल निर्माण पश्चात् सहज हुने अध्यक्ष थिङको प्रतिक्रिया रहेको थियो । उनले छिट्टै पुलको निर्माण कार्य शुरू गर्ने गरी प्रक्रिया अघि बढेको बताए ।

सो अवसरमा सर्भेक्षणमा खटिने टोली, जनप्रतिनीधिहरू, कर्मचारीहरू, स्थानीय सबैलाई अध्यक्ष थिङले धन्यवाद दिएका छन् ।

## अम्बेजात्रा मनाएर मात्र दशैं !

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका-१० का चार नेवारी बस्तीमा ५ कार्तिकमा वडा दसैंको टीका लगाइएको छ । थाहा नगरपालिकाको अम्बेजात्रा (चम्पाकेश्वर महादेव जात्रा) का कारण चार नेवारी बस्तीका बासिन्दाले ५ कार्तिकमा मात्रै दसैंको टीका लगाएका हुन् ।

अम्बेजात्राका कारण टौखेल, न्हुँलगाउ, कलाटु र विसिंखेलका नेवारी समुदायले असोज २६ मा दसैं मनाएका थिएनन् । नेवारी समुदायले कुनै पनि जात्रा र पर्व मनाउनु ८ दिनअघि ‘आँग’ (जाँड) राख्ने चलन अनुसार असोज २३ मा चम्पाकेश्वर महादेवको अम्बे जात्राका लागि ‘आँग’ रखिएपछि दसैं पछि सारिएको हो । कुनै पनि जात्राका लागि ‘आँग’ राखिसकेपछि अन्य देवीदेवताको पूजा गर्न नहुने नेवारी परम्पराका कारण दसैंको दुर्गा पूजा पछि सारिएको स्थानीय कुलचन्द्र अर्याललले बताए । यी चार गाउँमा गमाल र गोपाली समुदायको बसोबास रहेको छ ।

कार्तिक संक्रान्तिदेखि वरको छैटौं दिन महानवमी परेकाले दसैं पछि सारिएको अर्का स्थानीय अक्षय गोपालीले बताए । ‘आठ दिनअघि गोपाली समुदायको परम्परागत जात्राका लागि ‘आँग’ अर्थात् प्रसादका लागि जाँड राख्ने दिन हो । कार्तिक संक्रान्तिको आठ दिनअघि महानवमी नपरेको भए दसैं मान्थ्यौं,’ जात्राका गुरू श्यामबहादुर गोपालीले भने, ‘जात्रा सकेपछि (५ कार्तिकमा) टीका लगाइरहेका हौं ।’



गोपाली समुदायको बसोबास रहेको न्हुँलगाउ र टौखेल तथा गमालको बसोबास रहेको कलाँटु र तल्लो बिसिङ्खेलबासीले दसै सारेको चम्पाकेश्वर क्षेत्र विकास समितिका सचिव कर्ण गोपालीले जानकारी दिए । कार्तिक संक्रान्तिका दिन गोपाली समुदायका गुठियारहरूले ‚आँगु ल्याउने प्रचलन छ । कीरा परिसकेको उक्त जाँड र ‘कक बजी’ अर्थात् एक पटक मात्र कुटेको चिउरा प्रसादका रूपमा खाने गरिन्छ । उक्त प्रसाद खाएमा पेटको रोग निर्मूल हुने जनविश्वास छ ।

अम्बेजात्रा सूर्यमासका आधारमा प्रत्येक वर्षको कार्तिक १ गते मनाइन्छ । दसैं चन्द्रमास अनुसार आश्विन शुक्ल पक्षमा मनाइन्छ । चन्द्रमास अनुसार मलमास र क्षयमास परेको आसपासका वर्षमा यस्तो हुन जान्छ । यस वर्ष पनि दसैंको टीका चम्पाकेश्वर महादेवको अम्बे जात्राको ‘आँग’ राखिसकेपछि परेका कारण दसैं पछि मनाइएको हो ।

बाँकी




## मितेरीको नाफा ४४ लाख ८१ हजार

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ मा रहेको मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं वार्षिक साधारण सभा भएको छ । संस्थाले १० कार्तिकमा साधारणसभा गरेको हो ।

इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यतामा भएको साधारण सभामा पालिका उपाध्यक्ष उमाकुमारी लामा विशेष अतिथी रहेकी थिइन् । सभामा संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा ४४ लाख ८१ हजार ५ सय ९९ रूपियाँ नाफा गरेको जनाएको थियो । यो नाफा गत आर्थिक वर्षको भन्दा कमी भएको सहकारीको वार्षिक प्रतिवेदनमा उल्लेख छ । सहकारी संस्थाले गत वर्ष ५१ लाख ४ हजार ९८९ रूपियाँ नाफा गरेको थियो । संस्थामा १ हजार ७ सय ७३ जना सेयर सदस्य रहेका छन् ।

साधारण सभाको अवसरमा रक्तदान कार्यक्रम समेत गरिएको थियो । कार्यक्रममा ४५ जनाले रक्तादन गरेका थिए ।

## पालिकाबाटै २० हजार किरिया खर्च

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले विपन्न परिवारको सदस्य मृत्यु हुँदा काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गराउन थालेको छ । परिवार का सदस्यको निधनपश्चात् काजकिरिया गर्नका लागि आर्थिक समस्या झेल्दै आएका विपन्न परिवारलाई पालिकाकाले आर्थिक सहयोग उपलब्ध गराउन सुरू गरेको हो ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै समावेश गरी मृतकको घरमै पुगेर काजकिरिया गर्नका लागि पालिकाकाले रकम उपलब्ध गराउन थालेको छ । हालसम्म चालु आवमा १६ परिवारलाई काजकिरिया बापतको रकम सहयोग गरिएको पालिकाले जनाएको छ । प्रत्येक विपन्न परिवारलाई २० हजार रूपैयाँसहित श्रद्धाञ्जलीपत्र हस्तान्तरण गर्ने गरिएको छ ।

वडा कार्यालयले विपन्नको सिफारिस गरेपछि गाउँपालिका कार्यालयल काजकिरिया गर्न २० हजार रूपैयाँ नगद उपलब्ध गराउने गरेको हो । आर्थिक अभावकै कारण काजकिरिया रोकिने अवस्थाका परिवार पनि रहेको र विपन्न परिवारको दुःखमा सहयोग गरेको पालिका अध्यक्ष रञ्जन कालाखेतीले भने । कार्यपालिकाको बैठकले निर्णय गरेरै विपन्न परिवारको काजकिरियाका लागि सहयोग उपलब्ध गराउन थालिएको जानकारी दिए । पालिका अध्यक्ष कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, सम्बन्धित वडाध्यक्षसहितका जनप्रतिनिधि विपन्नको घरमै पुगेर नगद सहयोग गर्दै समवेदना व्यक्त गर्ने गरेका छन् ।

गाउँपालिकाले विपद्मा परेर ज्यान गुमाएकाको परिवारलाई पनि नगद ५० हजार रूपैयाँ सहयोग गर्दै आएको छ । विपद्मा ज्यान गुमाएकाको परिवारलाई ५० हजार रूपैयाँ कार्यपालिकाले निर्णय गरेरै सहयोग गर्न सुरू गरेको हो । यस आर्थिक वर्षको हालसम्मको अवधिमा ५ परिवारलाई सहयोग गरिएको मनहरी गाउँपालिकाका सूचना अधिकारी राजेन्द्र भट्टराईले जानकारी दिए । यस वर्षको विपद्मा परेर मनहरीका ५ जनाको मृत्यु भएको छ ।

## • सम्पादकीय •

# पर्यटन प्रवर्द्धनमा जात्रा संस्कृतिको उपयोग

विभिन्न देशका आफ्नै मौलिक जात्रा तथा संस्कारहरू हुन्छन्। कतै त्यस्ता सांस्कृतिक महत्वका जात्रा पर्वहरूको राम्ररी संरक्षण गरिएको हुन्छ भने केही मुलुकमा महत्वपूर्ण जात्रा तथा चाडपर्व मनाउने मौलिक शैली पनि लोप हुँदै गएको भेटिन्छ भने जात्राहरूमा प्रयोग हुने पुरातन वस्तुहरू पनि हराउँदै गएको पाइन्छ। हामी अहिले धर्म भन्दा पनि जात्रा, पर्व र संस्कृतिको कुरा गरिरहेका छौं। नेपाल कै कुरा गर्दा यहाँका अधिकांश जनता हिन्दू धर्मावलम्वी छन्। तर पनि यहाँ बौद्ध, इश्लाम, इसाई, शिख तथा अन्य धर्म मान्ने मानिसहरू पनि प्रसस्तै छन्। सबैले आआफ्ना धर्ममा आस्था राख्छन् तर धर्मकै निम्ति नेपालमा छिटफुट घटनाहरू वाहेक द्वन्द्ध आजसम्म भएको छैन, । जात्रा तथा पर्व भनेको यस्तो सुन्दर सांस्कृतिक क्रियाकलाप हो, जुनलाई मनाउन कुनै पनि धर्मले छेकबार गर्दैन भने यसैको सहायताले मुलुकमा एकता र खुशियाली छाइ रहन सक्दछ।

प्रताप मल्लले शुरु गरेको गाईजात्रा होस या कृष्णाष्टमी, लाखे नाच, कार्तिक नाच जुनसुकै नाच र जात्राले नेपाल र नेपाली झल्काउँछ । स्थानीयहरुको पहिचान दर्शाउँछ । त्यस्तै नेपालका जात्राहरूमा बजाइने धिमे र अन्य बाजा बजाउने मानिसहरू पनि अन्य व्यवसायमा लाग्दै गएकाले त्यस्ता बाजाहरू ओझेलमा पर्न थालेका छन्। तर केही स्थानीय गुठीको विशेष पहलमा हिजोआज मौलिक बाजा प्रशिक्षणशाला खुलेर युवालाई बाजा बजाउन परम्परागत बनाउँदै छन्। फलस्वरुप महिलाहरू पनि परम्परागत बाजा बजाएर जात्राहरूमा निस्कन थालेका छन्। यसको उदाहरण थाहा नगरकै इन्द्रायणी वस्ती, कुन्छालबासीले प्रस्तुत गरि सकेका छन् । नेपाल एक सानै मुलुक भएपनि भौगोलिक र सांस्कृतिक विविधताले भरिपूर्ण वातावरण छ । यहाँ वर्षैभरी कुनै न कुनै समूदायको नयाँ वर्ष मनाउने काम भइ नै रहेको हुन्छ। विशेषगरी थारु जातिको मूलपर्व माघी पनि मुलुकभर नै विभिन्न तवरले मनाइन्छ।

नेपालमा दोश्रो जनआन्दोलन पछि प्रजातन्त्रको पुनर्वहाली भए पश्चात् नेपाललाई धर्म निरपेक्ष मुलुक घोषणा गरेर सरकारले सबै धर्मका विशेष चाडपर्वमा राष्ट्रिय बिदा दिने प्रथा शुरु गरेकोले जनतामा कमसेकम सबै धर्मका चाडपर्व बारे ज्ञान र श्रद्धा बढेको छ। नेपाल विभिन्न जात्रा, पर्व र संस्कृतिको धनी मुलुक भएर पनि यहाँको परम्परा धान्ने काम राज्यले भन्दा पनि गुठी तथा आमजनताबाट भइरहेको छ। केही हदसम्म स्थानीय सरकारले मद्दत गर्ने गरेको भए पनि हिजोआज राज्यको संलग्नता ज्यादै न्यून हुने गरेको छ। राजतन्त्र रहुञ्जेलसम्म विभिन्न जात्रा तथा पर्वहरूमा राजा तथा राजपरिवारको सहभागिता हुँदा एक प्रकारको अर्कै गौरव, रमाइलो र भव्यताको महसुस हुने गर्दथ्यो। तर आज यस्ता जात्रा, पर्व तथा सांस्कृतिक समारोहहरूमा बिदा दिने र सम्बैधानिक र उच्च पदस्थ व्यक्तिहरूको केही बेरको पट्यार लाग्दो सहभागिता मात्र रहने बाहेक यस्ता जात्रा तथा पर्वहरूलाई समय सान्दर्भिक तवरले भव्यतापूर्वक मनाउने बारेका कुनै नयाँ सोच र योजना बनेको नै देखिँदैन। यस्ता सबै महत्वपूर्ण जात्रा तथा पर्वहरू सबै नेपालीको साझा सम्पतिको रूपमा विकास गर्न गर्नतर्फ सबै वर्ग, समुदाय एक हुनु आवश्यक छ । यसलाई बल पुऱ्याउन संघीय संरचनाका स्थानीय, प्रदेश र संघीय सरकारले थप प्रवर्द्धन गर्नु आजको आवश्यकता रहेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | |
|---|---|
| विहान ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान ८:०० | बजे हेटौडा (बस) |
| विहान ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# 'सरोगेसी'मा कानुनको अभाव



◆ श्रीना नेपाल

सरोगेसी भनेको कुनै महिला (सरोगेट आमा) ले अरू व्यक्तिको बच्चा आफ्नो गर्भमा राखेर जन्म दिने प्रक्रिया हो । यो प्रायः त्यस्तो अवस्थामा गरिन्छ जहाँ कुनै महिला स्वयं गर्भवती हुन नसक्ने विभिन्न अवस्थामा हुन्छिन् ।

सरोगेसीमा बच्चाको भ्रुणलाई सरोगेट आमाको गर्भमा प्रत्यारोपण गरिन्छ । र, जन्मेपछि बच्चालाई उसकै जैविक आमाबाबुलाई हस्तान्तरण गरिन्छ ।

सरोगेसीलाई दुई किसिममा वर्गीकृत गर्न सकिन्छ ।

### १) पारम्परिक सरोगेसी

यसमा सरोगेट आमाको अण्डाणु प्रयोग गरिन्छ, जसमा शुक्राणु अर्को पुरूषको (प्रायः इच्छुक बाबुको) हुन्छ । यस प्रकारको सरोगेसीमा सरोगेट आमा जैविक रूपमा बच्चाको आमा पनि हुन्छिन् ।

### २) गेस्टेसनल सरोगेसी

यस प्रकारको सरोगेसीमा इच्छुक आमाबाबु (वा डोनर)को अण्डाणु र शुक्राणुबाट भ्रूण बनाइन्छ र सरोगेट आमाको गर्भमा राखिन्छ । गेस्टेसनल सरोगेसीमा सरोगेट आमाको बच्चासँग जैविक सम्बन्ध हुँदैन ।

### कानुनको अभावः

नेपालको परिप्रेक्ष्यमा सरोगेसीलाई नियमन गर्ने कानुनको अभाव देखिन्छ । पुष्पराज पाण्डेयविरूद्ध नेपाल सरकार (नि. नं.९७५७, २०७४, जेष्ठ, भाग-५९, अंक-२) को मुद्दामा सम्माननीय प्रधानन्यायाधीश सुशीला कार्की र न्यायाधीश गोविन्दकुमार उपाध्यायको संयुक्त इजलासद्वारा नेपालमा व्यावसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुख प्राप्त गर्न असमर्थ तथा असक्षम भएका स्वदेशी निःसन्तान दम्पतीको हकमा सामाजिक चाहनाअनुरूप परोपकारी सट्टा आमा (अल्ट्रयुस्टिक सरोगेसी) सम्बन्धी सेवा कानुन बनाएर सञ्चालन तथा नियमन गर्न सरोगेसीसम्बन्धी कानुनको निर्माण गर्न निर्देशनात्मक आदेश जारी गरिएको थियो ।

सर्वोच्च अदालतले यसरी गम्भीर रूपमा व्यावसायिक सट्टा आमालाई निषेध गरे पनि आईभीएफ सेन्टर फर्टिलिटी, गो आइभीएफ सरोगेसी, सरोगेट मदर नेपाल, सरोगेसी क्लिनिक नेपाल जस्ता क्लिनिकले भने खुलेआम सरोगेसी गर्न प्रेरित गर्नुका साथै नेपालमा सरोगेसी सहज हुनुको तर्कसंगत नेपालमा सरोगेसीसम्बन्धी कानुन नभएको समेत उल्लेख गरेको अवस्था छ ।

यसरी विभिन्न क्लिनिक खुला रूपमा खोलेर, विदेशीलाई नेपालमा बोलाउने गरेको हुँदा पनि अहिलेसम्म कुनै निकायले ध्यानाकर्षण गरेको भने पाइएन । सुशासनका ठुल्ठुला सपना देखाउने देशमा महिलालाई संरक्षण गर्न नसक्ने, महिलाहरू शोषित भइरहँदा आफ्नो देह व्यापार गरिरहँदासम्म पनि चुपचाप बसिरहेको देख्दा भने आश्चर्य लाग्छ । यो महिलाको मात्र नभई अदालतको पनि मानहानिको गम्भीर विषय हो ।

यसरी महिलाको शरीरलाई शिशु जन्माउने भाँडोका रूपमा प्रयोग गर्न दिनु नै संरचनात्मक हिंसालाई बढावा दिनुको साथै लैङ्गिक हिंसालाई समेत प्रोत्साहन दिनु हो । महिलालाई बच्चा जन्माउने भाँडाका रूपमा प्रयोग गर्नु महिलालाई वस्तुकरण गर्नु र कमोडिफाइ गर्नु हो ।

व्यापारिक सरोगेसी गर्नु देह व्यापार गर्नु बराबर हो । एउटा मात्र नभई दुईवटा शरीरको व्यापार गर्नु हो । र, यसो गर्दा नेपालको संविधान २०७२ प्रदान गरेको मौलिक हक अन्तर्गतको धारा २९ को शोषण विरूद्धको हक तथा धारा ३८ को महिलाको हकको समेत हनन भएको देखिन्छ ।

वेश्यावृत्तिलाई देह व्यापार मानेर अवैध मानियो । सरोगेसी त अझ मातृत्वजस्तो पवित्र सम्बन्ध र दुई शरीरको व्यापार हो । यसका लागि कडाभन्दा कडा कानुन बनाउन जरूरी छ । 'मातृ देवो भवः'को मन्त्र जप्ने सभ्यता हो हाम्रो । मातृत्वको सम्बन्धको कसैले लेखाजोखा गर्न त परको कुरा, शब्दमा समेत बयान गर्न कठिन छ । यस्तो अमूल्य सम्बन्धलाई उचित कानुनबिनै व्यवसायीकरण गर्न दिनुले यो प्रश्न जन्माएको छ कि कहाँ लाँदै छौं हामीले हाम्रो संस्कृति र सभ्यतालाई ?

आमा र बच्चाबिचको सम्बन्ध नौ महिना कोखमा राखेर जन्माउनु मात्रै होइन, यो त जीवनभरिका लागि जैविक र मानसिक नातासँग सम्बन्धित हुन्छ । अर्थात् संलग्न सिद्धान्त (अट्याचमेन्ट थ्यौरी), आमा र बच्चाबिचको सम्बन्ध र शिशु विकासका लागि आवश्यक र प्राथमिक शक्ति हो भन्ने विश्वासमा आमा र बच्चाबिचको सम्बन्ध आधारित छ । जसले बच्चालाई समाजमा स्थापित हुने वा व्यक्तित्व विकास गर्ने धेरै आधार बनाउँछ ।

**स्कन्द पुराणमा उल्लेख गरिएको छ,**

-'नास्ति मातृसमा छाया नास्ति मातृसमा गतिः ।
- नास्ति मातृसमं त्राणं नास्ति मातृसमा प्रपा ॥'
- अर्थात् आमाजस्तो कुनै पनि छाया, आश्रय र रक्षक छैन ।

हुन पनि यस संसारमा आमा जस्तो जीवन दिने कोही छैन । मातृत्वलाई नै यसरी बेच्न दिनु न्यायोचित होइन ।

यसमा सबैभन्दा महत्वपूर्ण विचारणीय कुरा हो, कानुनको अभाव । आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने कार्य हो सरोगेसी, यसमा कानुन अपरिहार्य छ । कानुनबिना बच्चाको संरक्षणको वैधानिकता पनि प्रत्याभूति हुँदैन । यति मात्र नभई आमालाई समेत प्रसूतिपछि उचित हेरचाह नहुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । यस्तै, नेपालको संविधान २०७२ को धारा ३९ अनुसारको बालबालिकाको हकको समेत हनन् हुने अवस्थाको सिर्जना हुन्छ ।

हाम्रो कानुनी सिद्धान्तहरूमध्येको एक सिद्धान्त हो, 'यदि कुनै कार्य गरिन्छ, जुनसँग सम्बन्धित कानुन छैन भने त्यस्तो कार्यलाई आपराधिक मान्न मिल्दैन ।' यस दृष्टिकोणबाट हेर्दा सरोगेसीद्वारा अन्याय र शोषणमा परेकाले न आवाज उठाउने बाटो रहन्छ, न त कानुनको ढोका ढकढक्याउने बाटो रहन्छ ।

यस कारण हाम्रो संविधानले व्यवस्था गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक र सामाजिक न्यायको हक समेत हनन हुन जान्छ ।

सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सुनिश्चित गर्न बनाइएको ऐनले समेत यस विषयलाई समावेश गरेको देखिँदैन । सरोगेसी पूर्ण रूपमा प्रजनन स्वास्थ्यसँग जोडिएको छ । यस सम्बन्धी कानुन नबन्नु भनेको महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्ने असर समेतलाई ध्यान नदिनु हो । कानुनी अभावका कारण महिलाहरूको बाध्यता र विवशताको फाइदा उठाउन सक्ने देखिन्छ ।

> मातृत्व बेच्न दिने समानता वा महिलालाई बच्चा उत्पादन गर्ने भाँडोको रूपमा प्रयोग गर्दा समेत कारबाही नगर्ने समानताको के महत्व ? सरोगेसीले निम्त्याउने समस्याको सम्बोधन नगर्नु भनेको आफ्नै आमाको समेत सम्मान नगर्नु बराबर हो ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन (२०६३) ले समेत यस्तो संवेदनशील विषयबारे बोलेको छैन । समानताको विषयलाई सम्बोधन गर्दा सम्पूर्ण समस्यालाई मध्यनजर गर्नुपर्ने हुन्छ । मातृत्व बेच्न दिने समानता वा महिलालाई बच्चा उत्पादन गर्ने भाँडोको रूपमा प्रयोग गर्दा समेत कारबाही नगर्ने समानताको के महत्त्व ? सरोगेसीले निम्त्याउने समस्याको सम्बोधन नगर्नु भनेको आफ्नै आमाको समेत सम्मान नगर्नु बराबर हो ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनमा 'कसैले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ' भन्ने उल्लेख छ । तर, यसले सरोगेसीलाई सम्बोधन गर्छ कि गर्दैन भन्ने स्पष्ट छैन ।

सर्वोच्च अदालतबाट परमादेश समेत जारी गर्दिंदा पनि कानुन नबन्नु पछाडिको कारण के हुन सक्छ ? आफ्ना छोरीचेलीलाई देह व्यापार गर्न प्रोत्साहन गर्ने सरकारले संविधानमा मौलिक हकहरूबाट किन नागरिकको संरक्षणको ठुलो सपना देखाएको होला ? संसारको सबैभन्दा पवित्र सम्बन्ध मातृत्वको समेत व्यापार हुँदा किन सरकारले बेवास्ता गरिरहेको छ ?

महिलाको समानता, सशक्तीकरण, स्तरोन्नतिका लागि, सम्मानपूर्वक जीवनयापन गर्न पाउनका लागि, महिलालाई वस्तुकरण गर्नबाट रोक्नका लागि र मातृत्वको महानता र प्रकृतिको सम्मानका लागि सरोगेसीलाई नियमन गर्न जरूरी छ ।

# यि हुन् पुरूषमा आउने मुख्य स्वास्थ्य समस्या

एक सर्वेक्षणअनुसार ३७ प्रतिशत पुरुष स्वास्थ्यमा समस्या भएको अनुभव गरेपनि अस्पताल वा चिकित्सककहाँ जाँदैनन् । किनभने त्यो रोग भयानक हुनसक्छ भन्ने स्वयम्ले अनुमान गरेर सत्यको सामना गर्न डराउँछन् । अर्थात रोग लुकाएर बस्छन् ।

नतिजा, सही समयमा उपचार नहुँदा रोग जटिल बन्दै जान्छ । आखिर यस्तो अवस्था पनि आउन सक्छ जतिबेला रोगको उपचार गर्न ढिला भइसकेको हुन्छ । त्यसबेला पछुतो गर्नुको विकल्प हुँदैन ।

त्यसैले रोग लुकाउने भन्दा पनि यसप्रति सजग वा सर्तक हुनु उत्तम हो । यसका लागि समय-समयमा स्वास्थ्य परीक्षण गर्नु जरूरी हुन्छ । अतः पुरुषले संभावित जोखिमबाट बच्न यी सात स्वास्थ्य परीक्षण गर्न सक्छन् ।

## प्रोस्टेट क्यान्सर परीक्षण

धेरै पुरुषले बुद्यौलीमा झेल्ने समस्या हो, प्रोस्टेटको समस्या । पुरुषहरूमा ४० वर्ष कटेपछि नै प्रोस्टेट ग्रन्थीको आकार बढ्न थाल्छ । आकार बढेसँगै कतिपय पुरुषमा प्रोस्टेट क्यान्सरको सम्भावना पनि रहन्छ ।

प्रोस्टेट क्यान्सरका लक्षण छिटो देखिँदैन । प्रोस्टेटको समस्या वा क्यान्सर भैसकेको छ, छैन परीक्षण गर्न ४० वर्ष कटेपछि प्रोस्टेटको परीक्षण गर्नु आवश्यक छ ।

यसरी समयमै परीक्षण गरेमा क्यान्सर को जोखिम र भइसकेको खण्डमा छिटो उपचार प्रक्रिया सुरु गर्न मद्दत पुग्छ ।

## फोक्सो क्यान्सर परीक्षण

तुलनात्मक रूपमा पुरुषहरू बढी चुरोट खाने गर्छन् । कति त चेन स्मोकर नै हुन्छन् । त्यसैगरी कतिले किशोरावस्थादेखि चुरोट खान सुरु गर्छन् ।

यसरी पुरुषहरू जहिलेपनि फोक्सोको क्यान्सरको जोखिममा हुन्छन् । नियमित रूपमा चुरोट खानेहरूले त फोक्सोको परीक्षण गराउनैपर्छ ।

## कोलेस्टेरोल

कोलेस्टेरोल भएको तुरून्त थाहा हुँदैन । वा यसको खास लक्षण देखिदैन । त्यसैले धेरैले कोलेस्टेरोलको जाँच गराउँदैनन् । जबकि लामो समयदेखि कोलेस्टेरोल बढ्दै गएर अचानक हृदयघात हुने जोखिम हुन्छ । त्यसैले पुरुषले बेला बेलामा कोलेस्टेरोलको परीक्षण गराउनु जरूरी हुन्छ ।

मोटोपना भएका, चुरोट सेवन गर्ने वा परिवारमा कसैलाई मुटुरोग भइसकेको र हृदयघात भएको इतिहास छ भने कोलेस्टेरोलको जोखिम अरू बढी हुनसक्छ । त्यसैले उनीहरूले २० बर्षको उमेरपछि नै कोलेस्टेरोलको जाँच गराउनुपर्छ ।

## कोलोनस्कोपी

बढ्दो उमेरसँगै पुरुषको आन्द्रामा समस्या वा क्यान्सर हुने जोखिम बढ्छ । आन्द्रामा देखिने स-साना गाँठो नै पछि क्यान्सरको रूप लिन सक्छ । त्यसैले, यस्ता गाठाँगुठी छ भने तुरून्त परीक्षण गर्नुपर्छ । सुरुवाती अवस्थामा नै रोग पत्ता लगाउन सके उपचार सहज र संभव हुन्छ । ५० वर्षको उमेर पछि कोलोनोस्कोपी परीक्षण गरेमा आन्द्रामा हुने समस्या वा क्यान्सर लाग्ने जोखिमबाट बच्न सकिन्छ । परिवारमा पहिला नै आन्द्राको क्यान्सर रहेको इतिहास छ भने त ५० को उमेर भन्दा चाँडै कोलोनस्कोपी गराउनुपर्छ ।

## मानसिक स्वास्थ्य

अक्सर पुरूषहरूको स्वभाव के हुन्छ भने खुलेर आफ्नो कुरा व्यक्त नगर्ने । उनीहरू आफ्नो दुःख मात्र होइन खुसी पनि लुकाउने गर्छन् । मनको कुरालाई साझेदार गर्दैनन् । यही कारण उनीहरूमा तनाव र चिन्ता जस्ता मानसिक विकार बढ्ने जोखिम हुन्छ । तथ्यांक अनुसार वर्षेनी ५ जनामध्ये एकजना वयस्क मानसिक रोगबाट ग्रसित छन् ।

त्यसैले पुरुषहरूले आफ्नो मानसिक स्वास्थ्यबारे पनि बेलाबखत परामर्श गराउनु उचित हुन्छ ।

## उच्च रक्तचाप र मुटुको स्वास्थ्य

उमेरले ३० बर्ष पार गरेपछि पुरूषहरूमा उच्च रक्तचापको जोखिम बढ्न थाल्छ । खानपान, जीवनशैलीसँगै बढ्दो उमेरमा मुटुको कार्यक्षमता पनि कमजोर हुँदै जान्छ ।

खासगरी रक्सी पिउने, चुरोट खाने पुरूषमा यो जोखिम बढी हुन्छ । उनीहरूले समयमा नै रक्तचापको परीक्षण गराउनुपर्छ । यदि उच्च रक्तचाप भएमा त्यसलाई नियन्त्रण गर्न जीवनशैली परिवर्तन गर्ने हो वा औषधिसमेत खानुपर्ने हो ? चिकित्सकको परामर्श लिनुपर्ने हुन्छ ।

## मधुमेह

उमेर बढ्दै गएपछि पुरूषले मधुमेहको जाँच पनि गर्नु जरूरी हुन्छ । खासगरी मोटोपन भएका वा निस्क्रिय जीवन बिताइरहेकाहरूमा मधुमेहको जोखिम उच्च हुन्छ । यस्तै चुरोट र रक्सी सेवन गर्नेहरूमा यो जोखिम अरू बढ्छ । मधुमेहले मुटुरोग, मस्तिष्कघात, यौन दुर्बलता, दृष्टि कमजोर हुने समस्या ल्याउँछ ।

# प्रि-डाइबेटिजबाट पनि सचेत बनौं है !

मधुमेह मेटाबोलिक डिसअर्डर हो जसमा बिरामीको रगतमा ग्लुकोजको मात्रा धेरै हुन्छ । मधुमेहले शरीरका धेरै अङ्गहरूमा प्रतिकूल प्रभाव पार्छ, त्यसैले यस रोगबाट बच्नु धेरै महत्वपूर्ण छ ।

मधुमेहबाट बच्न हामीले स्वस्थ जीवनशैली अपनाउनुपर्छ । यसबाहेक तनावबाट टाढा रहँदा पनि मधुमेहबाट बच्न सकिन्छ । मधुमेह अचानक लाग्दैन, हाम्रो शरीरले यो भन्दा पहिले नै केही संकेत दिन थाल्छ र यो अवस्थालाई प्रि-डाइबेटिज भनिन्छ । प्रि-डाइबेटिजमा चिनीको मात्रा सामान्यभन्दा अलि बढी हुन्छ । यस्तो अवस्थामा यसलाई मधुमेह भन्न मिल्दैन । तर यो मधुमेह भन्दा खतरनाक हुनसक्छ । यस्तो अवस्थामा प्रि-डाइबेटिजको बारेमा सही जानकारी हुनु धेरै महत्वपूर्ण छ, ताकि यसलाई अगाडि बढ्नबाट रोक्न सकिन्छ ।

## के हो प्रि-डाइबेटिज ?

मानिसको रगतमा सुगरको मात्रा सामान्य भन्दा केही बढी मात्रामा भएमा त्यसलाई प्रि-डाइबेटिज भनिन्छ र यो अवस्थामा डाइबेटिज पहिचान भने भइसकेको हुँदैन । प्रि-डाइबेटिजले मधुमेहको सुरूवातलाई जनाउँछ । यस्तो अवस्थामा यसलाई हल्का रूपमा लिनु हुँदैन । परीक्षण गरेर हेर्दा खाना खानुभन्दा पहिले सुगरको लेबल १०० देखि १२५ र खाना खाएपछि जाँच गर्दा १४६ देखि १९९ सम्मको अवस्थालाई प्रि-डाइबेटिज अवस्था भनिन्छ । यसैगरी एचबीएवानसी ५.६ देखि ६.४ को बीचमा आएमा प्रि-डाइबेटिज भएको मानिन्छ ।

## प्रि-डाइबेटिजको लक्षण

प्रि-डाइबेटिजको बारेमा धेरैलाई थाहा छैन तर यो भएपछि शरीरमा धेरै प्रकार का लक्षण देखिन थाल्छन् जुन निम्नानुसार छन् ।



- बारम्बार पिसाब लाग्ने
- थकान महसुस हुने
- तौल बढ्ने
- धेरै भोक लागेको महसुस हुने
- पानी पिएपछि पनि फेरि तिर्खा लाग्ने
- दृष्टि कमजोर हुने
- अत्यधिक पसिना आउने वा खुट्टा सुन्निने
- रिङ्टा लाग्ने
- रक्तचाप बढ्ने
- प्रि-डाइबेटिजको कारण

शरीरमा इन्सुलिन हर्मोन सन्तुलित नहुँदा व्यक्तिलई मधुमेह हुन्छ । यसबाहेक जब शरीरले इन्सुलिन उत्पादन गर्न वा प्रयोग गर्न असमर्थ हुन्छ तब यो इन्सुलिन प्रतिरोधी हुन्छ । यी दुवै अवस्थामा ग्लुकोजको मात्रा बढिरहन्छ जसले गर्दा प्रि-डाइबेटिज हुन्छ । त्यसपछि व्यक्तिलाई मधुमेह हुन्छ ।

प्रि-डाइबेटिज हुनुमा खराब जीवनशैली जस्ता धेरै कारण हुनसक्छन् । यदि कसैलाई प्रि-डाइबेटिजको समस्या छ भने आफ्नो जीवनशैलीमा तुरून्तै आवश्यक परिवर्तन गर्नुपर्छ । यसबाहेक, पारिवारिक इतिहास अर्थात् परिवारमा कसैलाई पहिले नै मधुमेह छ भने त्यसको सम्भावना बढी हुन्छ । मोटोपनले प्रि-डाइबेटिजको जोखिम पनि बढाउँछ । यस्तो अवस्थामा खानपानमा विशेष ध्यान दिनुपर्छ ।

## प्रि-डाइबेटिजले अन्य रोगको जोखिम

प्रि-डाइबेटिज भएमा हृदयघात वा स्ट्रोकको सम्भावना बढ्छ । यसले र गतमा चिनीको मात्रा बढाउनुका साथै र क्तचाप र कोलेस्टेरोल पनि बढाउँछ । मुटु बाहेक यसले मिर्गौला र रक्तनलीलाई गहिरो क्षति पुऱ्याउन सक्छ ।

## प्रि-डाइबेटिज कसरी पत्ता लगाउने ?

प्रि-डाइबेटिज धेरै खतरनाक साबित हुनसक्ने भएकाले यसका लक्षणहरू थाहा पाउलगत्तै व्यक्तिले आफ्नो रगत परीक्षण गराउनुपर्छ । यदि ३० वर्ष भन्दा माथिको हुनुहुन्छ र परिवारमा पहिलेदेखि नै मधुमेह छ भने मधुमेहको परीक्षण गराउनुपर्छ ।

## प्रि-डाइबेटिजको जोखिम कसलाई बढी ?

अधिक तौल भएका व्यक्तिलाई प्रि-डाइबिटिज हुने जोखिम बढी हुन्छ । साथै पीसीओडी समस्या भएमा पनि हुनसक्छ ।

## ध्यान दिनुपर्ने कुरा

प्रि-डाइबेटिज अवस्था भनेको रोग लाग्नु भन्दा अघिको अवस्था हो । त्यसैले धेरै आत्तिहाल्नु पर्दैन । तर यसलाई नियन्त्रण कसरी गर्ने भन्नेमा भने सचेत हुनुपर्छ । मोटोपन भए विस्तारै वजन कम गर्दै लैजानुपर्छ । दैनिक व्यायाम गर्ने, स्वस्थकर खाना खाने गरेमा प्रि-डाइबेटिज नियन्त्रण हुन्छ ।

*-एजेन्सीको सहयोगमा*

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडा सिमेन्ट उद्योग र कपडा उद्योगलाई निजीकरणको तयारी




◆ विकास संवाददाता

संघीय सरकारले हेटौंडा सिमेन्ट उद्योग र हेटौंडा कपडा उद्योगलाई निजीकरणको तयारी गरेको छ । रूग्ण उद्योगका रुपमा सञ्चालन भइरहेका यी उद्योगहरूलाई निजीकरण गर्ने तयारी सरकारले गरेको हो ।

अर्थ मन्त्रालयले बन्द, रूग्ण र कार्यसम्पादन कमजोर भएका विभिन्न आठ संस्थानलाई निजीकरण गर्ने भएको छ । निजीकरण समितिको ५ कार्तिकमा बसेको बैठकले ती संस्थानलाई निजीकरण वर्गीकरणका निम्ति मन्त्रीपरिषद्मा प्रस्ताव सिफारिस गर्ने निर्णय गरेको हो । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा बसेको समितिको बैठकले जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योगको वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय गरेको होरू। यस्तै विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर र हेटौँडा सिमेन्ट कारखानाको पनि वर्गीकरणका लागि प्रस्ताव सिफारिस गर्ने निर्णय समितिले गरेको हो ।

मन्त्रीपरिषद्बाट वर्गीकरण भएपछि सम्पत्ति तथा दायित्व मूल्याङ्कनका लागि विशेषज्ञसहितको अध्ययन समिति गठन हुने मन्त्रालयले जनाएको छरू। सम्पत्ति र दायित्व मूल्याङ्कन भएपछि विज्ञसहितको सुझावका आधारमा निजीकरणको ढाँचा र प्रक्रिया पहिचान गरी नेपाल सरकारसमक्ष सिफारिस गरिने मन्त्रालयले उल्लेख गरेको छरू। समितिको बैठकमा दिइएको जानकारी अनुसार जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौँडा कपडा उद्योग, विराटनगर जुट मिल, बुटवल धागो कारखाना र गोरखकाली रबर उद्योग विगत लामो समयदेखि बन्द र रूग्ण छन् ।

यसैगरी उदयपुर र हेटौँडा सिमेन्ट कारखानाको कार्यसम्पादन स्तर कमजोर हुनुका साथै निरन्तर घाटामा छन् । बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, सङ्घीय संसद् अर्थ समितिका सभापति सन्तोष चालिसे, प्रतिनिधि सभा सदस्य तथा निजीकरण समितिका सदस्य राजन केसी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल, मन्त्रालयका सचिवलगायत सहभागी थिए ।

# बकैया र काठमाडौं विश्वविद्यालयबीच शैक्षिक सुधारको लागि सम्झौता

◆ विकास संवाददाता



मकवानपुरको बकैया गाउँपालिका र काठमाडौं विश्वविद्यालयबीच शैक्षिक सुधारको लागि सम्झौता भएको छ । आइतबार गाउँपालिकामा आयोजित एक कार्यक्रमबीच गाउँपालिका र विश्वविद्यालयबीच शैक्षिक सुधारसम्बन्धी सम्झौता भएको हो ।

पालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम एवम् केयु बकैया फेलोसिप कार्यक्रम अन्तरगत सम्झौता भएको हो ।

उक्त सम्झौता पत्रमा पालिकाका अध्यक्ष धर्मराम लामिछाने र काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनका शिक्षक रिसर्चर केवल खत्रीले हस्ताक्षर गरेका छन् । पालिका र विश्वविद्यालयकबीच २०८२ कार्तिक १० गतेसम्मका लागि सम्झौता भएको हो । सम्झौता पत्र साटासाट गर्दै गाउँपालिका अध्यक्ष लामिछानेले आफू निर्वाचित भए पश्चात पालिकामा कृषि र शिक्षाको सुधार बारे संघर्ष गर्दै आएको भएपनि शिक्षाको अवस्था अझै कमजोर भएकोले सुधारको लागि लागिपरेको बताए ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनका शिक्षक रिसर्चर साहस भण्डारी, गाउँपालिकाका शिक्षा अधिकृत आइतराम तामाङ लगायत गाउँपालिकाका महाशाखा प्रमुखको सहभागिता रहेको थियो ।

# इन्द्रसरोवर खेलाडी मृत्यु प्रकरण: दोषी पत्ता लगाइ कारबाही गर्न माग

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ६ जना खेलाडीको पहिरोले पुरिएर मृत्यु भएको घटनामा दोषी पत्ता लगाएर कारबाही गर्दै परिवारले प्रधानमन्त्री केपी शर्मा ओली भेटेका छन् । मृतक ६ जना खेलाडीका परिवारले ९ कार्तिकमा प्रधानमन्त्री ओलीलाई भेटेर घटनाको सत्यतथ्य पत्ता लगाई दोषीलाई कारबाही दायरामा ल्याउन उच्च स्तरीय छानबिन आयोग गठन गर्न माग गरे । उनीहरूले सरकारसँग क्षतिपूर्तिलगायत मृतकको नाममा रंगशाला र अक्षयकोष स्थापनासम्मका ६ बुँदामा माग राखेका हुन् ।

मृतक परिवारले नेपाल विद्युत प्राधिकरण, एकेडेमी सञ्चालक अखिल नेपाल फुटबल संघ (एन्फा) र एकेडेमीको व्यवस्थापकीय जिम्मेवारी लिएको बत्सलादेवी माविको समितिका कारण घटना हुन पुगेको जिकिर गरेको छ । पहिरोमा पुरिएर सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घरभएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको मृत्यु भएको थियो ।

गत १२ असोजमा इन्द्रसरोबर-३, सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना खेलाडीमध्ये ६ जनाको बिहान ६ बजे पहिरोले पुरिएर मृत्यु भएको थियो । कुलेखानी जलविद्युत केन्द्रबाट साढे ५ बजे दुई वटा ढोका खोलेर पानी छोडेपछि कुलेखानी खोलामा बाढी आएकाले खोला छेउको एकेडेमी भवनबाट टेकर भन्ने गाउँतर्फ जान लाग्दा पहिरोमा पुरिएका थिए ।

मृतक हेटौंडाका अनुपम घलानका बाबुसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले दोषीमाथि कारबाही माग गर्दै सरकारको ध्यानाकर्षण गराइएको अनलाइनखबरसँग बताए । ६ जना बाल फुटबल खेलाडीहरूको एकै थलोमा असामयिक देहावसान भएको विषय नेपालको खेलकुद इतिहासमा दुःखद घट्ना भएको बताउँदै घलानले दोषी उम्किन नदिन सरकारको अनुरोध गरे ।

दुःखद् र भयानक घटना लापरबाहीका कारण सिर्जना भएको परिवारको ठहर छ । 'यस्ता दुःखद् र भयानक घट्ना पुनः दोहोरिन हुँदैन । यस्ता चरम लापरबाहीतर्फ आँखा चिम्लने हो भने पुनः यस्ता पीडादायी घट्ना परिघट्नाहरू नदोहोरिएला भन्न सकिँदैन ।' मृतकका परिवारले प्रधानमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ । प्राधिकरण, एकेडेमी तथा व्यवस्थापन पक्षले पूर्व होशियारी अपनाएको भए यस्तो दुःखद् घट्ना नहुने परिवारहरूको भनाई छ । 'दिवंगत साना उमेरका खेलाडीहरूको सुरक्षा र रेखदेख हुन नसक्नुका कारणतर्फ व्यापक चासो हुनु स्वाभाविक हो । यसर्थः बाल खेलाडीहरूको उद्धार गर्न र पूर्व होशियारी अपनाउन के कुन कारणले बाधा परेको हो ? भन्ने विषयमा निष्पक्ष र उच्च स्तरीय छानबिन आयोग गठन भइ दोषीउपर कारबाही हुनुपर्छ ।' घलानले भने । मृतकका परिवारले मृतक खेलाडीहरूको स्मृतिमा खेल आयोजना गर्न अक्षयकोष स्थापना गरी अक्षयकोषमा पर्याप्त रकमको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । एन्फा कम्प्लेक्स भवनको कम्पाउण्डभित्र मृतक खेलाडीहरूका प्रतिमा निर्माण, मृतक खेलाडीहरूको नाममा एन्फाको स्वामित्वमा सुविधायुक्त फुटबल एकेडेमी बनाउन परिवारले माग राखेको छ ।

एन्फाबाट संचालित कार्यक्रम उपयुक्त पूर्वाधारहरू भएको भौगोलिक स्थान, स्वास्थोपचार, सडकलगायतका सहज पहुँच हुनेगरी संचालन गर्न, मृतक बाल खेलाडीहरूको स्मृतिमा प्रत्येक वर्ष राज्यको तर्फबाट राष्ट्रव्यापी फुटबल खेल सञ्चालन गर्न, मृत्यु हुनेहरूको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्दै घाइतेको उपचार र घरबारविहीन भएका परिवारहरूलाई यथाशीघ्र पुर्नस्थापनाको व्यवस्था गर्न परिवारले माग राखेका छन् ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इन्द्रायणी चौर, मकवानपुर**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुंच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहामा प्लाष्टिकको फूल किनबेच गरे कारबाही हुने

◆ विकास संवाददाता



मकवानपुरको थाहा नगरपालिकाले प्लास्टिकका माला तथा पुष्प सामग्री बिक्री गर्न रोक लगाएको छ । ८ कार्तिकमा सार्वजनिक सूचना नै निकालेर नगरपालिकाले प्लास्टिकका माला तथा पुष्प सामग्री किनबेचमा प्रतिबन्ध लगाएको हो ।

तिहार तथा छठ पर्वमा प्लास्टिकका माला तथा पुष्प सामाग्री अत्यधिक प्रयोग हुन सक्ने र यस्ता प्लास्टिकजन्य पदार्थको प्रयोग तथा बिसर्जनबाट जनस्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असर पर्ने भन्दै थाहा सरकारले प्रयोगमा प्रतिबन्ध लगाएको हो । साथै स्थानीयस्तरमा उत्पादित फूलहरूलाई प्रोत्साहन गर्नको लागि शुभ दिपावली तथा छठ पर्वमा प्लास्टिकका माला तथा पुष्प सामग्री बिक्री वितरण र प्रयोग नगर्न र नगराउन पनि थाहा नगरपालिकाको आह्वान छ ।

पालिकाले सार्वजनिक गरेको सूचना अनुसार-थाहा नगरपालिकालाई सफा शहर बनाउन हरेक व्यक्तिको कर्तव्य र हेको स्मरण गराउँदै आयातित प्लाष्टिकका फूलमाला प्रयोगलाई बन्देज लगाइएको सूचनामा उल्लेख छ । प्लाष्टिकको फुलमालाको प्रयोगपश्चात सार्वजनिक स्थान, सडक, नदिमा फाल्ने जलाउने गर्दा वायू प्रदुषण भई मानव स्वास्थ्यमा समेत असर हुने भएकोले त्यस्ता सामाग्री बिक्री वितरण तथा प्रयोग नगर्न प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा जारी सार्वजनिक सूचनामा उल्लेख छ ।

पालिकाले तिहारमा स्थानीयस्तरमा उत्पादित प्राकृतिक फुलको प्रयोग गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन आग्रह गरिएको छ । नगरपालिकाले जारी गरेको सूचना उल्लंघन भएमा कानुन बमोजिम हुने सूचनामा उल्लेख छ ।

# इन्द्रसरोवरका प्रमुख प्रशासकीय अधिकृत ३ महिनामा ढुई पटक सरुवा

◆ विकास संवाददाता



मकवानपुर इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की सरूवा भएका छन् । उनलाई ९ कार्तिकमा एक कार्यक्रमकाबीच पालिकाले विदाइ गरेको छ । गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी तथा उपाध्यक्ष उमा कुमारी लामाको विशेष उपस्थितीमा विदाइ गरिएको हो ।

प्रमुख प्रशासकीय अधिकृत कार्की भरतपुर महानगरपालिका सरूवा भएका हुन् । उनी भरतपुरमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा सरूवा भएका हैनन् । कार्कीले भरतपुरमा कुनै शाखामा रहेर कार्यसम्पादन गर्नेछन् । करिब २ वर्ष प्रमुख प्रशासकीय अधिकृत भएर इन्द्रसरोवरमा काम गरेका कार्की गत ३१ भाद्रमा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय वा अन्तर्गत रहने गरी सरूवा भएका थिए ।

सरूवा भएपनि कार्की इन्द्रसरोवरमै काम गर्दै आएका थिए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सरूवा विवरण अनुसार कार्की भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय वा अन्तर्गतबाट भरतपुर महानगरपालिका चितवन सरूवा भएका छन् ।

यसैबीच इन्द्रसरोवर गाउँपालिकामा उमाकुण्ड गाउँपालिका रामेछापबाट रामचन्द्र लामा सरूवा भई आएका छन् ।

# चिठ्ठा आतङ्क विरूद्ध थाहानगरको एक्शन




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका क्षेत्रमा रहेका केही सामुदायिक र नीजि स्कूलहरूले चिठ्ठा कार्यक्रम ल्याइ विद्यार्थीहरू मार्फत जर्बजस्ती किन्न लगाउने क्रम तिब्र बढेको गुनासो पालिकामा पुगेको छ । विद्यार्थीहरू मार्फत गाउँघर, टोल तथा अभिभावकहरू र अन्य व्यक्तिहरूलाई जर्बजस्ती चिठ्ठा लिन लगाउने गरेको भन्दै थाहा नगर पालिकामा लिखित गुनासो दर्ता भएको हो ।

थाहा नगरपालिकाले ७ कार्तिकमा चिठ्ठा सम्बन्धी गुनासो आएको जानकारी गराउँदै कानुनले बन्देज लगाएको कार्य नगर्न वेवसाइटमा सूचना प्रकाशन गरी सबैलाई सूचीत गरेको छ । चिठ्ठा ऐन, २०२५ तथा नियमावली २०२७ को नियम ३ बमोजिम चिठ्ठा खोल्ने स्वीकृतीको निमित्त निवेदन दिने र नियम २७ बमोजिम प्रमुख जिल्ला अधिकारीको स्वीकृती नलिइ चिठ्ठा कार्यक्रम संचालन गरेको पाइएमा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्ने सूचनामा उल्लेख छ ।

थाहा नगरपालिका क्षेत्रका केही सामुदायिक र नीजि स्कूलहरूले शैक्षिक भ्रमण, अवलोकन भ्रमणलगायतको बाहानामा चिठ्ठा कार्यक्रम ल्याएको मौखिक रूपमा पनि गुनासो आइरहेको थाहा नगरपालिकाले जनाएको छ ।

# थाहाबाट नेपाल सरकारको पहिलो सचिव बने विष्ट



◆ विकास संवाददाता

थाहा नगरपालिकाले पहिलोपटक नेपाल सरकारको सचिव पदमा एक जना प्राप्त गर्न सफल भएको छ । थाहा नगरपालिकाका रघुराम विष्ट नेपाल सरकारको सचिवमा बढुवा भएका छन् । ८ कार्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेशका कायम मुकायम प्रदेश प्रमुख सचिव विष्टलाई सचिवमा बढुवा गर्ने निर्णय गरेको हो ।

ज्येष्ठतामा एकल सिफारिस भएका विष्टलाई बढुवासँगै गण्डकी प्रदेशकै प्रदेश प्रमुख सचिवमा पदस्थापन गरिएको छ । लोक सेवा आयोगका अध्यक्ष माधव प्रसाद रेग्मीको अध्यक्षतामा मंगलवार सिंहदरवारमा बसेको बढुवा सिफारिस समितिको बैठकले वरिष्ठ सहसचिव रघुराम विष्टको नाम सिफारिस गर्ने निर्णय गरेको थियो । लोक सेवा आयोगका अध्यक्ष माधव प्रसाद रेग्मीको अध्यक्षतामा मंगलवार सिंहदरवारमा बसेको बढुवा सिफारिस समितिको बैठकले वरिष्ठ सहसचिव रघुराम विष्टको नाम सिफारिस गरेको थियो । निजामती सेवा ऐनअनुसार कार्यसम्पादन मूल्यांकन (८०प्रतिशत)का आधारमा हुने बढुवामा लगातार चार पटकसम्म एक सचिवका लागि तीन वरिष्ठ सहसचिव र पाँचौं पटक ज्येष्ठता (२० प्रतिशत)बाट एक जना मात्र ज्येष्ठ सहसचिवको नाम सिफारिस गर्ने व्यवस्था अनुसार सबैभन्दा ज्येष्ठ सहसचिव विष्टको नाम मात्रै सिफारिस भएको थियो ।

थाहा नगरपालिका वडा नम्बर ३ का स्थायी बासिन्दा विष्ट थाहा नगर पालिकाबाट नेपाल सरकारको सचिव पदमा पुग्ने पहिलो हुन् ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायिकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिघालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विघालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विघालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

# थाहा नगरपालिका

## आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा

## वित्तीय (आय-व्यय) प्रगती सार्वजनिक गरिएको सम्बन्धी सार्वजनिक सूचना !

**चालुतर्फ:**

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,४७,१४,०००.०० | १,८१,१९,४३१.६२ | ७३.३१ |
| १ | कृषि | १,१२,९६,०००.०० | ९७,०३,५८४.८० | ८५.९ |
| २ | उद्योग | १२,७५,०००.०० | १०,४०,३४४.८२ | ८१.५९ |
| ३ | पर्यटन | ३८,०५,०००.०० | १४,२६,५८७.०० | ३७.४९ |
| ४ | सहकारी | १०,५०,०००.०० | ५,७०,८०२.०० | ५४.३६ |
| ५ | पशुपन्छी विकास | ७२,८८,०००.०० | ५३,७८,११३.०० | ७३.७९ |
| २ | सामाजिक विकास | ३५,५२,९१,९९९.०० | ३२,४७,६१,६८६.६८ | ९१.४१ |
| १ | शिक्षा | २५,१७,५२,०००.०० | २४,२३,०६,०७२.०० | ९६.२५ |
| २ | स्वास्थ्य | ७,६३,८३,०००.०० | ६,४१,५०,३५२.६८ | ८३.९९ |
| ३ | भाषा तथा संस्कृति | ७३,७७,६४४.०० | २७,८३,७५४.०० | ३७.७२ |
| ४ | युवा तथा खेलकुद | ६५,७२,३५५.०० | ४६,४६,७५९.०० | ७०.७ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | १,३२,०७,०००.०० | १,०८,७४,७४९.०० | ८२.३४ |
| ३ | पूर्वाधार विकास | २१,००,०००.०० | १५,०५,८४८.०० | ७१.७ |
| १ | यातयात पूर्वाधार | १६,००,०००.०० | १०,०५,८४८.०० | ६२.८७ |
| २ | भवन, आवास तथा सहरी विकास | ५,००,०००.०० | ५,००,०००.०० | १०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,४७,०५,०००.०० | १,१५,७४,८५३.०० | ७८.७ |
| १ | विपद व्यवस्थापन | १४,८०,०००.०० | ८,६८,६३९.०० | ५८.६९ |
| २ | मानब संशाधन विकास | १५,००,०००.०० | ७,९३,४१०.०० | ५२.८९ |
| ३ | कानुन तथा न्याय | २०,००,०००.०० | १८,२३,२०६.०० | ९१.१६ |
| ४ | तथ्यांक प्रणाली | १०,२४,०००.०० | १०,२१,१२०.०० | ९९.७२ |
| ५ | श्रम तथा रोजगारी | ६६,५६,०००.०० | ६२,५१,५२७.०० | ९३.९२ |
| ६ | प्रशासकीय सुशासन | २०,४५,०००.०० | ८,१६,९५१.०० | ३९.९५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,९२,५०,००१.०० | ११,०६,४१,४४६.९७ | ८५.६ |
| | कुल जम्मा | ५२,६०,६१,०००.०० | ४६,६६,०३,२६६.२७ | ८८.६९ |

**पुँजीगततर्फ:**

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,९०,३२,५००.०० | २,३२,६८,६५०.५० | ८०.१५ |
| १ | कृषि | २,१५,१६,०००.०० | १,९०,३८,५८३.५० | ८८.४९ |
| २ | पर्यटन | ५५,१६,५००.०० | २२,८१,८३३.०० | ४१.३६ |
| ३ | जलश्रोत तथा सिंचाई | १०,००,०००.०० | ९,५०,९३७.०० | ९५.०९ |
| ४ | पशुपन्छी विकास | १०,००,०००.०० | ९,९७,२९७.०० | ९९.७३ |
| २ | सामाजिक विकास | ४,१२,६३,५००.०० | २,३४,७०,७८१.०० | ५६.८८ |
| १ | शिक्षा | १,१६,००,०००.०० | १,०४,८२,४८२.०० | ९०.३७ |
| २ | स्वास्थ्य | २४,४०,०००.०० | २४,४०,०००.०० | १०० |
| ३ | खानेपानी तथा सरसफाई | २,२४,८३,५००.०० | ८३,८६,८०९.०० | ३७.२९ |
| ४ | भाषा तथा संस्कृति | १६,४०,०००.०० | ७,२९,२००.०० | ४४.४६ |
| ५ | युवा तथा खेलकुद | २९,००,०००.०० | १२,८२,२९०.०० | ४४.२२ |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | २,००,०००.०० | १,५०,०००.०० | ७५ |
| ३ | पूर्वाधार विकास | ४०,८१,०५,४६५.०० | २९,९७,४१,३५८.७६ | ७३.४५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९६,२०,०००.०० | ७८,८०,०२८.०० | ८१.९१ |
| १ | विपद व्यवस्थापन | ९३,२०,०००.०० | ७८,८०,०२८.०० | ८४.५५ |
| २ | मानब संशाधन विकास | ३,००,०००.०० | ०.०० | ० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १,५५,९०,८००.०० | ७७,१८,८५१.०० | ४९.५१ |
| कुल जम्मा | | ५०,३६,१२,२६५.०० | ३६,२०,७९,६६९.२६ | ७१.८९ |

## दीपावली गर्दा सतर्क रहौं !

**दीपावलीको समयमा:**
मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
त्यसबाट बच्न:

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनवत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र वत्तिको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनसील बस्तुको प्रयोग नगरौं,

*आगजनीबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

**मुलुकी अपराध संहिता २०७४**

| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |
|---|---|

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी